# कोलोराडो लोटस परियोजना

## AANHPI कोलोराडोवासीहरूका सबल पक्ष र तिनले सामना गर्ने अवरोधहरूमा राज्यस्तरीय नजर

कोलोराडो लोटस परियोजना कोलोराडोमा बसोबास गर्ने एसियाली अमेरिकी तथा हवाई मूलवासी र अन्य प्रशान्त टापुवासी (AANHPI) मानिसहरूको अद्वितीय आवाज र अनुभवहरूलाई उत्थान गर्ने एक प्रयास हो। यस अभूतपूर्व कार्यले AANHPI समुदाय एक अखंड मात्र हो भन्ने विचारलाई चिर्ने प्रयास गर्दछ।

## कोलोराडोका लागि कदम चाल्न आह्वान

**कोलोराडो लोटस परियोजनाले नीति निर्माता, सेवा प्रदायक, अधिवक्ता, परोपकारी संस्था र सामुदायिक साझेदारहरूका लागि निम्न सिफारिसहरू गरेको छ:**

- **AANHPI समुदायहरू सम्बन्धी तथ्याङ्क सुधार गर्ने**
- **सार्थक प्रतिनिधित्वलाई बढावा दिने र अपनत्वको भावना सिर्जना गर्ने**
- **AANHPI समुदायहरूसँग प्रमाणिक रूपमा संलग्न हुने र विश्वासको वातावरण निर्माण गर्ने**
- **भाषिक तथा सांस्कृतिक अवरोधहरू सम्बोधन गर्ने**
- **सबैभन्दा विपन्न AANHPI समुदायहरूका लागि अनुदान बढाउने**

## कसरी संलग्न हुने

**कोलोराडो मा बसोबास गर्ने AANHPI समुदायहरू को बारेमा जानकारी प्राप्त गर्नुहोस्।**

कोलोराडो लोटस परियोजना प्रतिवेदन र स्रोतहरू पढेर अरूलाई पनि प्रदान गर्नुहोस्। स्रोतहरूमा मुख्य विषयगत क्षेत्रहरू, अन्तरक्रियात्मक सामुदायिक नक्साहरू, र डेटा मेट्रिक सूचीको बारेमा तथ्य पानाहरू समावेश छन् ।

colo.health/COlotus




COLORADO HEALTH INSTITUTE

थप जानकारीका लागि कोलोराडो स्वास्थ्य संस्थानमा सम्पर्क गर्नुहोस्।

प्रतिवेदनमा दिइएका सिफारिसहरूलाई समर्थन गर्ने।

colorado aapi circle making waves

कोलोराडो AAPI सामुदायमा सामेल हुनुहोस् वा सहयोग गर्नुहोस्।

कोलोराडोको AANHPI समुदायहरूका ताजा समाचार का लागि Asian Avenue पत्रिका हेर्दै गर्नुहोस्।



**कोलोराडो लोटस परियोजनाले मुख्य विषयगत क्षेत्रहरूमा विस्तृत तथ्याङ्क एकीकृत गर्दछ र समुदायका आवाजहरू उठाउँदछ।**

# विस्तृत तथ्याङ्क

**निम्न लगायत AANHPI समुदायहरूका बारे विस्तृत तथ्याङ्क अन्वेषण गर्नुहोस्:**

- बांग्लादेशी • भुटानी • बर्मेली • कम्बोडियाली
- चामोरो • चीनियाँ • फिजियन* • फिलिपिनो
- हमोंग • भारतीय • इन्डोनेसियाली • जापानी
- कोरियाली • लाओसियन • मलेसियाली
- मार्शली* • मङ्गोलियन • हवाई मूलवासी
- नेपाली • ओकिनावाली* • पाकिस्तानी
- सामोआन • श्रीलङ्काली • ताइवानी
- थाई • टोङ्गान* • भियतनामी

* सर्वेक्षणमा नमुनाको सानो आकारले गर्दा , यी समुदायहरूका बारेमा सीमित जानकारी मात्र उपलब्ध छ

# प्रमुख विषयगत क्षेत्रहरू

**कोलोराडोका AANHPI मानिसहरूको जीवनमा प्रभाव पार्ने समस्याहरूका निम्न विषयहरुका बारेमा बुझ्नुहोस्:**

## AANPHI समुदायका लागि अनुदान
## जनसाङ्ख्यिकी
## शिक्षा
## स्वास्थ्य
## आवास
## अपराध र न्याय
## लोकतन्त्र
## आय र आर्थिक अवसर

# सामुदायका आवाजहरू

**कोलोराडोका AANHPI समुदायहरू संग उनीहरूको जीवनस्तर र परिवर्तनका समाधानहरू सुन्नुहोस्:**

### सल्लाहकार समूह

**10** AANHPI अगुवाहरूले सल्लाहकार समूहमा सामेल भई यस कार्यलाई मार्गदर्शन प्रदान गरे।



### विषयगत सामूहिक छलफलहरू

**51** समुदायका सदस्यहरूले समुदायका मुद्दाहरू र सबल पक्षका बारेमा आफ्ना दृष्टिकोणहरू राखेका थिए।

### विज्ञहरूसँग कुराकानी

**12** विश्वविद्यालयका प्राध्यापकदेखि सामुदायिक परिचालकहरूसम्मका AANHPI समुदायका अगुवाहरूले आफ्नो विशेषज्ञता प्रस्तुत गरे।

### विचार आदानप्रदान

**107** समुदायका सदस्यहरूले अनलाइन मत सर्वेक्षणमा भाग लिई AANHPI समुदायको सबल पक्ष र चुनौतीहरूका बारेमा ६० टिप्पणीहरू प्रदान गरेर मूल्याङ्कन गरे ।



### कला

स्थानीय AANHPI कलाकार **Nalye Lor ले** कोलोराडोको AANHPI समुदायहरूको वृद्धि र लचिलोपनलाई प्रतिनिधित्व गर्ने रिपोर्टको आवरण कला सिर्जना गर्नुभयो।

### कथा सुनाउने

दुई जना AANHPI लेखकहरूले निम्न विषयहरूमा पाँच वटा कथाहरू समावेश गरे:

- डेनभरको ऐतिहासिक चाइनाटाउन
- एसियाली प्रशान्त विकास केन्द्रको इतिहास
- कोलोराडोको दक्षिण एसियाली समुदायको संलग्नता
- प्रशान्त टापुवासीहरू बिच स्वास्थ्य असमानताहरू
- कोलोराडोमा आप्रवासी अनुभव

**Colorado को AANHPI समुदायहरूका बारे थप जानकारीका लागि अहिले नै कोलोराडो लोटस परियोजनाको वेबसाइटमा जानुहोस्।**